द.नं. १५४१८३/०७३/०७४


# स्वाभिमान लघुवित्त वित्तीय संस्था लि.
# Swabhimaan Laghubitta Bittiya Sanstha Ltd.
नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्था (प्रादेशिकस्तर कार्य क्षेत्र भएको)
**केन्द्रीय कार्यालय, तिलोत्तमा-५, रुपन्देही**


प.स.:- २०८३/०८४
च.न.:- ३

मिति:-२०८३/०४/०७

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय: **वार्षिक साधारण सभाको निर्णय पेश गरिएको बारे ।**

महोदय,

उपरोक्त विषयमा यस स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको मिति २०८३/०३/३० गते सम्पन्न ९औं वार्षिक साधारण सभाको निर्णयको प्रतिलिपि नियमानुसार आवश्यक जानकारी तथा अभिलेखका लागि यसै पत्रसाथ संलग्न गरी पेश गरिएको व्यहोरा सादर अनुरोध गर्दछौं ।

**संलग्न:**
१. ९औं वार्षिक साधारण सभाको निर्णयको प्रतिलिपि ।

भवदीय,

..................
(कृष्ण राज चौधरी)
कम्पनी सचिव

**बोधार्थ :**

१. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त संस्था सुपरिवेक्षण विभाग, बालुवाटार, काठमाडौं ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभाग, बालुवाटार, काठमाडौं ।
३. श्री नेपाल धितोपत्र बोर्ड, खुमल्टार, ललितपुर ।

# स्वाभिमान लघुवित्त वित्तीय संस्था लिमिटेडको

## नवौं बार्षिक साधारण सभाको

### काम कार्यवाहीको विवरण

(मिनट)

१. **वैधानिक सभा:**

कम्पनी ऐन २०६३ र यस वित्तीय संस्थाको नियमावली बमोजिम संस्थाको नवौं वार्षिक साधारण सभा संचालक समितिका अध्यक्ष श्री देवीदत्त ज्ञवालीको सभापतित्वमा तल उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल तथा देहाय बमोजिम निर्णय भयो ।

२. **सभाको मिति, स्थान र समय:**

**मिति:** २०८३/०३/३० गते मंगलबार, तदनुसार १४ जुलाई, २०२६

**समय:** विहान ११:०० बजे ।

**स्थान:** स्वाभिमान लघुवित्त वित्तीय संस्था लि. केन्द्रीय कार्यालय, तिलोत्तमा ५, रुपन्देही ।

३. **सभाको सुचना:**

कम्पनी ऐन २०६३ को दफा ६७ बमोजिम वित्तीय संस्थाको नवौं वार्षिक साधारण सभाको सूचना तथा आर्थिक बर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन एवं वित्तीय विवरणहरु समेत शेयरधनीहरुको व्यक्तिगत ठेगानामा पठाउनुको साथै मिति २०८३/०३/०९ गते मंगलबार "आर्थिक अभियान" राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८३/०३/१० गते बुधबार लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, समय र छलफल हुने विषयको सूचना शेयरधनी महानुभावहरुमा जानकारीको लागि प्रकाशित गरिएको थियो ।

४. **छलफलको विषय सूची:**

क. **सामान्य प्रस्ताव:**

(१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक बर्ष २०८१/०८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षण प्रतिवेदन सहितको २०८२, आषाढ मसान्तको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

(३) आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति एंव निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना संचालकहरुको निर्वाचन गर्ने ।

(५) संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट १ जना संचालकको निर्वाचन गर्ने ।

ख. **विशेष प्रस्ताव:**

(१) अन्य इजाजतपत्र प्राप्त "घ" वर्गका वित्तीय संस्थासंग मर्जर (Merger) वा प्राप्ति (Acquisition) गर्न /गराउन उपयूक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पुर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

(२) नियमनकारी निकायबाट कुनै निर्णय उपर फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनूसार थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने ।

ग. **विविध ।**

**५. सभाको संचालन:**

सभाको संचालन संस्थाका सहायक महाप्रवन्धक श्री ध्रुव राज कोइरालाले गर्नुभएको थियो ।

**६. उपस्थिति:**

**६.१ कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप सभामा उपस्थित संचालकहरु:**

| | |
|---|---|
| १. श्री देवीदत्त ज्ञवाली | अध्यक्ष |
| २. श्री गिरीराज पाठक | संचालक |
| ३. श्री कविराज तिमल्सीना | संचालक |
| ४. श्री कुश सुदन सिंह | संचालक |

**६.२ अन्य आमन्त्रित महानुभावहरुको उपस्थिति:**

६.२.१ श्री प्रमोद पन्थी

**६.३ कर्मचारीहरुको उपस्थिति:**

सभामा वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण राज चौधरी, सहायक महाप्रबन्धक श्री ध्रुव राज कोइराला, प्रबन्धकद्धय श्री राज कुमार उपाध्याय र श्री केशव भण्डारी, सहायक प्रबन्धक श्री नोद राज बश्याल, बरिष्ठ अधिकृत दिवश प्रसाद उपाध्याय, अधिकृत श्री गोविन्द खनाल, अधिकृत कर्मचारी श्री पिताम्बर नाथ कुंवर, श्री भीम बहादुर चौधरी, श्री अजिमुल्लाह दर्जी, श्री नारायण प्रसाद खराल, कनिष्ठ अधिकृत श्री सचिता श्रेष्ठ, वरिष्ठ सहायक श्री किरण चौधरी, तथा शाखा प्रमुख कनिष्ठ अधिकृत श्री तेज कुमारी वली, बरिष्ठ सहायक अर्जुन खनाल, सहायक श्री सन्तोष पासी, चन्द्र शेखर गिरी, बाल किसन कोहार, हेम कुमारी थारु, सहयोगी श्री लोक माया शर्मा र श्री राम मिलन चौधरी गरी कुल २१ जना कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

**७. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनूसार):**

| विवरण | कित्ता | उपस्थिति | | | उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| | | स्वयम् | प्रतिनिधि मार्फत | कुल | |
| विकी भएको शेयर कित्ता | १५,३४,४५५.०९ | ३,७७,७१७ | ४,२९,१२१ | ८,०६,८३८ | ५२.५८ |
| शेयरधनीहरु | | २१ | ४ | २५ | |

८. **आसन ग्रहण:**

सभामा उपस्थित संचालक समितिका अध्यक्ष, संचालकहरु, प्रमुख कार्यकारी अधिकृत, पूर्व संचालकहरु, अन्य बौद्धिक व्यक्तित्वहरु, लेखापरीक्षक, संस्थापक शेयरधनीहरु तथा पत्रकारहरुलाई सभा संचालकले आसन ग्रहण गराउनु भयो ।

९. **सभाको बैधानिकता:**

कुनै पनि कम्पनीको वार्षिक साधारण सभा संचालनको लागि कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) बमोजिम साधारण सभा गर्नको निमित्त कम्तीमा एक्काइस दिन अगावै शेयरधनीहरु लाई निजहरुले कम्पनीलाई उपलब्ध गराएको ठेगानामा सभा हुने ठाउं, मिति र छलफल गर्ने बिषय खोली सूचना पठाउनु पर्ने प्रावधान रहेको छ । सो विषयको सूचना कम्तीमा दुईपटक राष्ट्रियस्तरको दैनिक पत्रिकामा पनि प्रकाशन गर्नुपर्ने भन्ने व्यवस्था रहेको छ । सोही अनुसार यस संस्थाको नवौं वार्षिक साधारण सभामा छलफल हुने बिषयहरु एवं प्रस्तावहरु शेयरधनीहरुको घर ठेगानामा पठाउनुको साथै मिति २०८३/०३/०९ गते मंगलबार “अभियान” राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८३/०३/१० गते बुधबार लुम्बिनी राष्ट्रिय दैनिक पत्रिकामा सभा हुने स्थान, समय, मिति र छलफल हुने बिषयहरुको सूचना शेयरधनी महानुभावहरुको जानकारीको लागि प्रकाशित गरिएको थियो ।

त्यस्तै कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपुरक संख्या सम्बन्धमा कम्पनीको नियमावलीमा गणपुरक संख्याको लागि बढी संख्या तोकिएकोमा बाहेक कम्पनीको बाँडफाँड भएको कुल शेयर संख्याको पचास प्रतिशतभन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनी मध्ये कम्तीमा तीन जना शेयरधनीहरु स्वयम् बा प्रतिनिधिमार्फत उपस्थित हुनुपर्ने व्यवस्था रहेको छ । यस कम्पनीको नियमावलीको नियम २३ मा साधारण सभाको गणपुरक संख्या पुग्न बिक्री भएको कुल शेयर संख्याको पचास प्रतिशत शेयरको प्रतिनिधित्व हुने गरी कम्तीमा ३ जना शेयरधनी स्वयम् वा आफ्नो प्रतिनिधि (प्रोक्सी) द्वारा उपस्थित नभई साधारण सभाको कारवाही शुरु हुने छैन भन्ने प्रावधान रहेको छ । सोही अनुरुप कम्पनीको यस नवौं वार्षिक साधारण सभामा राखिएको हाजिरी पुस्तिका अनुसार कुल बिक्री भएको शेयर संख्या १५,३४,५५५।०९ को ५२.५८ प्रतिशतको प्रतिनिधित्व हुने गरी स्वयं तथा प्रतिनिधी मार्फत २५ जना शेयरधनीहरुले ८,०६,८३८ कित्ता शेयरको प्रतिनिधित्व गरी स्वयम् र प्रतिनिधीमार्फत् उपस्थित भएको पाइएको र कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम सभा रीतपुर्वक बोलाइएकोले यो साधारण सभा वैधानिक रहेको घोषणा कम्पनी सचिव तथा प्रमुख कार्यकारी अधिकृत कृष्ण राज चौधरीले गर्नु भयो ।

तत्पश्चात प्रचलित कानुन बमोजिम सभा बैधानिक भएकोले कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार सभाको अध्यक्षता संचालक समितिको अध्यक्षले गर्ने व्यवस्था बमोजिम यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री देवीदत्त ज्ञवाली ज्यूलाई सभाको अध्यक्षता ग्रहण गर्न सहायक महाप्रबन्धकले अनुरोध गर्नुभयो । सोही अनुसार कम्पनीको नवौं वार्षिक साधारण सभाको अध्यक्षता कम्पनी ऐन, २०६३ को दफा ७४(१) बमोजिम अध्यक्ष श्री देवीदत्त ज्ञवाली ज्यूले ग्रहण गर्नु भयो । तत्पश्चात् संचालकज्यूहरु तथा प्रमुख कार्यकारी अधिकृतको आसन ग्रहण पश्चात अध्यक्षज्यूबाट सभा संचालनको अनुमती लिई संचालक श्री ध्रुव राज कोइरालाले सभालाई निरन्तरता दिनु भयो ।

१०. <u>स्वागत मन्तव्य</u>

संस्थाका प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण राज चौधरीले सभामा उपस्थित सम्पूर्ण शेयरधनीहरु, अतिथीहरु, पत्रकार तथा कर्मचारीहरुलाई स्वागत गर्दै कार्यक्रमको शुभआरम्भ भएको थियो । वहांले यस वित्तीय संस्थाले हालसम्म गरेको प्रगती, लघुवित्तको उद्धेश्य, काम कार्यवाही तथा यसले सामना गर्नुपरेका चुनौती एवं देखिएका अवसरहरुको सन्दर्भमा जानकारी गराउनु भयो । त्यसैगरी वहांले आगामी दिनमा कसरी जाने यसको रोडम्याप, रणनीतिबारे जानकारी गराउनुभएको थियो ।

११. <u>बार्षिक प्रतिवेदनको प्रस्तुति:</u>

सभामा संचालकले संस्थाका संचालक समितिका अध्यक्ष श्री देवीदत्त ज्ञवाली ज्यूलाई संचालक समितिको तर्फबाट आ.व. २०८१/८२ को बार्षिक प्रतिवेदन प्रस्तुत गर्न अनुरोध गर्नु भयो र सोही अनुसार सभाका अध्यक्ष ज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरु तथा अतिथीज्यूहरुलाई स्वागत एवं अभिवादन गर्दै पूर्व निर्धारित छलफलका बिषय सूची अनुसार आ.ब. २०८१/८२ को संचालक समितिको तर्फबाट प्रतिवेदन पढेर सुनाउनु भयो र शेयरधनी महानुभावहरुको अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित छलफलका लागि आह्वान गर्नुभयो ।

१२. <u>छलफलका लागि सहभागी शेयरधनी महानुभावहरु:</u>

छलफलका लागि प्रस्तुत बिषयबस्तु उपर आफ्ना अमुल्य राय, सल्लाह, सुझाव र जिज्ञासा सहित निम्न शेयरधनी महानुभावहरुले छलफलमा भाग लिनु भयो ।

१. श्री प्रसुराम ढकाल

१३. <u>छलफलमा सहभागी हुने शेयरधनीहरुले प्रकट गर्नु भएका बिचारहरु:</u>

छलफलको क्रममा शेयरधनी बक्ताहरुले व्यक्त गर्नुभएको मन्तव्यलाई तल प्रस्तुत गरिएको छ ।

शेयरधनी श्री प्रसुराम ढकाल

- नया संचालकहरु सर्वसम्मत नियुक्ती भएकोमा सर्वप्रथम धन्यबाद व्यक्त गर्नुभयो । बिगतका दिनहरुमा वित्तीय संस्थाले बोनस दिदै आएकोमा यस बर्ष वित्तीय संस्थाले बोनस बितरण गरेको छैन । यसको कारण के हो पहिचान गरी आगामी दिनमा बोनस बितरण गर्न सक्ने गरी कार्य गर्नुहुन संचालक समिति तथा व्यबस्थापन समितिलाई सुझाव दिनुभयो । साथै मुलुकको परिस्थितीलाई मध्यनजर गरी अगाडी बढ्नुपर्ने अबस्था रहेको हुदा व्यबस्थापनलाई जिम्मेवार भई अगाडी बढन सुझाव दिनुभयो । यस वित्तीय संस्था प्रति बजारमा नराम्रो सुन्न हाल सम्म नपरेको हुदा आगामी दिनमा पनि केही नराम्रो सुन्न नपरोस भन्ने विचार व्यक्त गर्नुभयो ।

**१४. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :**

अध्यक्षज्यूको अनुमतिलिई संस्थाका प्रमूख कार्यकारी अधिकृत श्री कृष्ण राज चौधरीले शेयरधनी महानुभावहरुको राय, सल्लाह, सुझाव र जिज्ञासा प्रति हार्दिक धन्यवाद दिदै उठेका जिज्ञासाहरु प्रष्ट पार्नु भएको थियो र साथै शेयरधनी महानुभावहरुको राय, सल्लाह र सुझाव आत्मसात गर्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

१५. <u>सभाको निर्णय</u>:

क. सामान्य प्रस्ताव:

**प्रस्ताव नं.** (१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आर्थिक बर्ष २०८१/०८२ को बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**निर्णय:** सभामा संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट अनुमोदनका लागि प्रस्तुत आर्थिक बर्ष २०८१/८२ को वार्षिक प्रतिवेदन सभाले सर्वसम्मतिबाट अनुमोदन गरि पारित गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं.** (२) लेखापरीक्षण प्रतिवेदन सहितको २०८२, आषाढ मसान्तको वासलात, आ.व. २०८१/०८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण सहितको वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने ।

**निर्णय:** आर्थिक वर्ष २०८१/८२ को लेखापरीक्षण प्रतिवेदन सहितको २०८२ आषाढ मसान्तको वासलात, आ.व. २०८१/८२ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सो संग सम्बन्धित वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) छलफल गरी पारित गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं.** (३) आर्थिक वर्ष २०८२/०८३ को लेखापरीक्षण कार्यको लागि लेखापरीक्षक नियुक्ति एव निजको पारिश्रमिक निर्धारण गर्ने ।

**निर्णय:** बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ६३ (१) तथा कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार यस संस्थाको आर्थिक बर्ष २०८२/८३ को लेखापरिक्षण कार्यको लागि लेखापरीक्षक श्री प्रमोद पन्थी एण्ड एसोसियट्स, चार्टर्ड एकाउन्टेन्टस्, बुटवल, रुपन्देहीलाई नियुक्त गर्ने र निजको पारिश्रमिकको हकमा (वैधानिक लेखापरीक्षण, कर लेखापरीक्षण, लङ्फर्म अडिट, दफा ७८ प्रमाणित गर्ने तथा बीमा लगायत अन्य आवश्यक कारोवारसंग सम्बन्धित कागजपत्र प्रमाणित गर्न भ्याट बाहेक रु.३५०,०००।( अक्षरेपी रु.तीन लाख पचास हजार मात्र) पारिश्रमिक कायम गर्ने र शाखा भ्रमण खर्च वास्तविक खर्चको आधारमा कायम गर्ने गरी निर्णय सर्व सम्मतिबाट पारित गऱ्यो ।

**प्रस्ताब नं.** (४) संचालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने ४ जना संचालकहरुको निर्वाचन गर्ने ।

**निर्णय:** यस वित्तीय संस्थाको संचालक समितिमा संस्थापक समुहको शेयरधनीहरु मध्येबाट प्रतिनिधित्व गर्ने ४ जना संचालकहरु श्री देवीदत्त ज्ञवाली, श्री गिरीराज पाठक, श्री कृष्ण प्रसाद अर्याल, श्री कुश सुदन सिंह लाई निर्विरोध निर्वाचित गऱ्यो ।

**प्रस्ताब नं.** (४) संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट १ जना संचालकको निर्वाचन गर्ने।

**निर्णय:** संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट १ जना संचालकहरुको निर्वाचन सन्दर्भमा उम्मेदवरी मनोनयन दर्ता कुनै पनि सर्वसाधारण शेयरधनीहरुको नपरेको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री तेजनाथ धमलाले जानकारी गराउनुभयो ।

(ख) विशेष प्रस्ताव सम्बन्धी निर्णय:

**प्रस्ताव नं.** (१) अन्य इजाजतपत्र प्राप्त "घ" वर्गका वित्तीय संस्थासंग मर्जर (Merger) वा प्राप्ति (Acquisition) गर्न / गराउन उपयूक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पुर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**निर्णय:** अन्य इजाजतपत्रप्राप्त "घ" वर्गका वित्तीय संस्थासंग मर्जर (Merger)वा प्राप्ति(Acquisition) गर्न र गराउन उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य अगाडी बढाउन संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने निर्णय गऱ्यो ।

**प्रस्ताव नं.** (२) नियमनकारी निकायबाट कूनै निर्णय उपर फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनूसार थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने ।

**निर्णय:** नियमनकारी निकायबाट फेरबदल गर्न निर्देशन भएमा आवश्यकता अनुसार सोमा थपघट, परिमार्जन संशोधन तथा सच्याउनको लागि संचालक समितिलाई अख्तियारी दिने सम्बन्धी विशेष प्रस्ताव सर्वसम्मतीबाट स्वीकृत गर्ने निर्णय गऱ्यो ।

(ग) बिविध:

(१). यस नवौं वार्षिक साधारण सभाको मिनट प्रमाणित गर्न व्यवस्थापनको तर्फबाट प्रमुख कार्यकारी अधिकृत तथा संचालक समितिको तर्फबाट देवीदत्त ज्ञवाली ज्यूलाई अख्तियारी प्रदान गर्ने निर्णय समेत गरियो ।

१६. धन्यवाद तथा सभा विसर्जन:

अन्तमा, नवौ बार्षिक साधारण सभा सम्पन्न गर्नको लागि यहांहरुको सहयोग, सद्भाव र शेयरधनी महानुभावहरुको अमुल्य राय, सल्लाह, सुझाव तथा उपस्थितीको लागि हार्दिक धन्यबाद दिदैं अध्यक्षज्यूले साधारण सभा समापन भएको घोषणा गर्नुभयो ।

(कृष्ण राम चौधरी)
कम्पनी सचिव/
प्रमुख कार्यकारी अधिकृत

(देवीदत्त ज्ञवाली)
संचालक